# देशको वर्तमान आर्थिक स्थिति

*(आर्थिक वर्ष २०६४/६५ को पहिलो तीन महिनाको तथ्याङ्कमा आधारित)*

# Current Macroeconomic Situation

**( Based on the First Three Months' Data of 2007/08)**

**नेपाल राष्ट्र बैंक**

**अनुसन्धान विभाग**

**मंसीर २०६४**

# देशको वर्तमान आर्थिक स्थिति

(आर्थिक वर्ष २०६४/६५ को पहिलो तीन महिनाको तथ्याङ्कमा आधारित)

## मौद्रिक स्थिति

### मुद्राप्रदाय

१. आर्थिक वर्ष २०६४।६५ को पहिलो तीन महिनामा मुद्राप्रदाय अघिल्लो वर्षको सोही अवधिको तुलनामा उच्च दरले बढेको छ । विस्तृत मुद्राप्रदाय, अघिल्लो वर्ष ३.९ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा ५.५ प्रतिशतले बढेको छ । त्यस्तै, समीक्षा अवधिमा संकुचित मुद्राप्रदाय अघिल्लो वर्ष १.७ प्रतिशतले बढेको तुलनामा ४.० प्रतिशत र आवधिक निक्षेप अघिल्लो वर्ष ५.० प्रतिशतले बढेको तुलनामा ६.१ प्रतिशतले बढेको छ ।

२. विदेशी विनिमय मूल्यांकन नाफा नोक्सान समायोजित खुद वैदेशिक सम्पत्ति समीक्षा अवधिमा रु ५ अर्व ८८ करोड (४.५ प्रतिशत) ले घटेको छ । अघिल्लो वर्षको यसै अवधिमा खुद वैदेशिक सम्पत्ति रु १ अर्व १३ करोड (०.८ प्रतिशत) ले बढेको थियो । निर्यातमा ह्रास जारी रहेको तर आयात बढेको कारण खुद वैदेशिक सम्पत्ति समीक्षा अवधिमा घटेको हो ।

३. खुद वैदेशिक सम्पत्ति घटे पनि खुद आन्तरिक सम्पत्तिको उच्च वृद्धिदरले गर्दा समीक्षा अवधिमा मौद्रिक विस्तार अघिल्लो वर्ष भन्दा उच्च रहेको हो ।

### आन्तरिक कर्जा

४. समीक्षा अवधिमा आन्तरिक कर्जा ६.७ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको यसै अवधिमा यस्तो कर्जा ३.३ प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा नेपाल सरकार माथिको दावी र निजीक्षेत्रतर्फ कर्जा बढेको कारण आन्तरिक कर्जा बढ्न गएको हो । अघिल्लो वर्ष १.५ प्रतिशतले घटेको नेपाल सरकार माथिको खुद दावी समीक्षा अवधिमा ८.९ प्रतिशतले

बढेको छ । त्यस्तै, निजी क्षेत्रतर्फ गएको कर्जा अघिल्लो वर्ष ३.९ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा ६.४ प्रतिशतले बढेको छ । वाणिज्य बैंकहरूबाट प्रवाह भइरहेको उपभोग कर्जामा वृद्धिका कारण निजी क्षेत्रतर्फ कर्जा प्रवाह बढेको हो ।

**विदेशी मुद्रा कारोवार**

५. आर्थिक वर्ष २०६४/६५ को पहिलो तीन महिनामा विदेशी मुद्रा हस्तक्षेपमार्फत् खुद विदेशी मुद्रा खरीद अघिल्लो वर्षको यसै अवधिको तुलनामा न्यून रहेको छ । अर्कोतर्फ अमेरिकी डलर बिक्री गरेर भा.रु खरीद अघिल्लो वर्षको तुलनामा बढेको छ । फलस्वरुप, विदेशी मुद्रा कारोवारमार्फत तरलता प्रवाह कम रहेको छ । उदाहरणको लागि आर्थिक वर्ष २०६४/६५ को पहिलो तीन महिनामा नेपाल राष्ट्र बैंकले विदेशी विनिमय बजार हस्तक्षेपमार्फत वाणिज्य बैंकहरूबाट अमेरिकी डलर २१ करोड ७४ लाखको खुद खरीद गरी रू १४ अर्ब ३ करोड बराबरको खुद तरलता प्रवाह गरेको छ । अघिल्लो वर्षको यसै अवधिमा विदेशी विनिमय हस्तक्षेपमार्फत अमेरिकी डलर २२ करोड ७६ लाख खुद खरीद गरी रू १६ अर्ब ८९ करोड बराबरको खुद तरलता प्रवाह भएको थियो ।

६. समीक्षा अवधिमा ३२ करोड अमेरिकी डलर भारतीय मुद्रा बजारमा बिक्री गरी रू २० अर्ब ५८ करोड बराबरको भा.रू. खरीद भएको छ । आर्थिक वर्ष २०६३/६४ को यसै अवधिमा अमेरिकी डलर १८ करोड बिक्री गरी रू १३ अर्ब ३२ करोड बराबरको भा.रू. खरीद भएको थियो । भारतसँग बढेको उच्च व्यापार घाटाले भा.रू. खरीद बढाएको हो ।

**खुला बजार कारोवार**

७. आर्थिक वर्ष २०६४/६५ को प्रथम तीन महिनामा रिभर्स रिपो बोलकबोल उपकरण मार्फत रू ५ अर्ब ५७ करोड बराबरको खुद तरलता प्रशोचन भएको छ । अघिल्लो आर्थिक वर्षको यसै अवधिमा रू ३ अर्ब २७ करोड बराबरको बिक्री बोलकबोल र रू ५ अर्ब ५९ करोड बराबरको रिभर्स बोलकबोल समेत गरी कुल रू ८ अर्ब ८६ करोड बराबरको खुद तरलता प्रशोचन भएको थियो । शोधनान्तर घाटा रहेको र अमेरिकी डलरको खरीद गत वर्षभन्दा र भा.रु खरीदभन्दा कम रहेकोले तरलता संकुचित रहेको हो । फलस्वरुप, खुलाबजार कारोवारमार्फत कम तरलता प्रशोचन भयो ।

**अन्तर बैंक कारोवार**

८. समीक्षा अवधिमा वाणिज्य बैंकहरूले कुल रू १०१ अर्ब ८७ करोड बराबरको अन्तर बैंक कारोवार गरेका छन् । अघिल्लो वर्षको यसै अवधिमा कुल रू ४८ अर्ब ८ करोड बराबरको अन्तर बैंक कारोवार भएको थियो । समीक्षा अवधिमा अन्तर बैंक कारोवार बढ्नुको अतिरिक्त स्थायी तरलता सुविधाको उपयोग पनि बढेको छ । अघिल्लो वर्ष रू १ अर्ब ९५ करोड सो सुविधा उपयोग भएकोमा समीक्षा अवधिमा रू १३ अर्ब ७५ करोड उपयोग भएको छ । समीक्षा अवधिमा मूलतः आन्तरिक कर्जाको माग बढेकोले गर्दा अन्तर बैंक कारोवार र स्थायी तरलता सुविधाको उपयोग बढेको हो ।

**तालिका नं. १ : अन्तर बैंक कारोवार र स्थायी तरलता सुविधा**

(पहिलो तीन महिनामा)

रू अर्बमा

| | २०६३/६४ | २०६४/६५ |
|---|---|---|
| स्थायी तरलता सुविधा | १.९५ | १३.७५ |
| अन्तर बैंक कारोवार | ४८.०८ | १०१.८७ |

**अल्पकालीन व्याजदर**

९. समीक्षा अवधिमा अल्पकालीन व्याजदरहरूको स्थिति मिश्रित खालको रहेको छ । उदाहरणको लागि २०६४ असोज मसान्तमा ९१ दिने ट्रेजरी विल्सको भारित औसत मासिक व्याजदर २.१६ प्रतिशत रह्यो, जुन अघिल्लो वर्षको सोही अवधिमा २.५४ प्रतिशत भन्दा कम हो । तर, २०६३ असोज मसान्तमा भारित औसत मासिक अन्तर बैंक व्याजदर २.११ प्रतिशत रहेकोमा २०६४ को असोज मसान्तमा ३.३५ प्रतिशत रहेको छ ।

## धितोपत्र बजार

१०. वार्षिक विन्दुगत आधारमा नेप्से सूचकाङ्क ११६.२ प्रतिशतले वृद्धि भई २०६४ असोज मसान्तमा ८६१.४ विन्दुमा पुगको छ । यो सूचकाङ्क २०६३ असोज मसान्तमा ३९८.४ थियो ।

११. बजार पूँजीकरण वार्षिक विन्दुगत आधारमा १६३.८ प्रतिशतले वृद्धि भई २०६४ असोज मसान्तमा रु २६५ अर्ब ३० करोड पुगेको छ । परिणामस्वरुप २०६४ असोज मसान्तमा बजार पूँजीकरणको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात ३६.९ प्रतिशत पुगेको छ । २०६३ असोज मसान्तमा यस्तो अनुपात १५.६ प्रतिशत रहेको थियो । सूचीकृत कम्पनीहरुको वजार पूँजीकरणमा विगतमाफैं बैंक तथा वित्तीय संस्थाहरुले सबैभन्दा ठूलो हिस्सा ओगटेका छन् ।

१२. सूचीकृत कम्पनीहरुको चुक्ता पूंजीको वार्षिक वृद्धि १४.० प्रतिशत रही २०६४ असोज मसान्तमा रु २३ अर्ब २२ करोड पुगेको छ । नेपाल स्टक एक्सचेन्ज लि. मा थप धितोपत्रहरु सूचीकृत भएका कारण चुक्ता पूंजीमा वृद्धि भएको हो ।

१३. २०६४ असोज मसान्तमा नेपाल स्टक एक्सचेन्ज लि. मा सूचीकरण भएका कम्पनीहरुको संख्या १४१ पुगेको छ । २०६३ असोज मसान्तमा यो संख्या १३९ रहेको थियो । हाल सूचीकृत कम्पनीहरुमध्ये १०६ वटा वित्तीय संस्था, २१ वटा उत्पादन र प्रशोधन गर्ने उद्योग, ४ वटा होटल, ५ वटा व्यापारिक संस्था, ३ वटा जल विद्युत कम्पनी र २ वटा अन्य समूहका रहेका छन् ।

१४. २०६४ असोज मसान्तमा मासिक कारोवारको वजार पूँजीकरणसँगको अनुपात (Turnover Ratio) ०.७६ प्रतिशत पुगेको छ । यस्तो अनुपात २०६३ असोज मसान्तमा ०.२४ प्रतिशत रहेको थियो । अघिल्लो वर्षको तुलनामा मासिक कारोवार-पूँजीकरण अनुपात बढेतापनि नेपालको शेयर बजारको तरलता अफै न्यून रहेको स्थिति छ ।

१५. शेयरबजारको उतारचढाव (Volatility) मापन गर्नका लागि प्रयोग गरिने १२ महिनाको Rolling Standard Deviation २०६३ असोज मसान्तमा ३८.० रहेकोमा २०६४ असोज मसान्तमा १३६.३ पुगेको छ ।

१६. आर्थिक वर्ष २०६४।६५ को पहिलो तीन महिनामा नेपाल धितोपत्र वोर्डले ७ वटा कम्पनीलाई रु २७ करोड ४४ लाख बरावरको साधारण शेयर र ३ वटा कम्पनीलाई रु ३० करोड ३५ लाख वरावरको हकप्रद शेयर निष्काशनको लागि स्वीकृति प्रदान गरेको छ।

**बैंक तथा वित्तीय संस्थाहरुको संख्यामा वृद्धि**

१७. आर्थिक वर्ष २०६४/६५ को पहिलो तीन महिनामा थप ३ वाणिज्य बैंक, २० विकास बैंक र ५ वित्त कम्पनी गरी २८ वटा बैंक तथा वित्तीय संस्थाहरु स्थापना भएका छन् ।

(तालिका २)।

**तालिका २ : बैंक तथा वित्तीय संस्थाहरुको संख्या**

| संस्थाहरु | २०६४ असार | २०६४ असोज | वृद्धि संख्या |
|---|---|---|---|
| वाणिज्य बैंक | 20 | 23 | 3 |
| विकास बैंक | 38 | 58 | 20 |
| वित्त कम्पनी | 74 | 79 | 5 |
| लघु वित्त विकास बैंक | 12 | 12 | 0 |
| नेपाल राष्ट्र बैंकबाट इजाजतप्राप्त सहकारी संस्था (सीमित बैंकिंग कारोवार गर्न) | 17 | 17 | 0 |
| नेपाल राष्ट्र बैंकबाट इजाजतप्राप्त गैरसरकारी संस्था (लघु वित्त कारोवार गर्न) | 47 | 47 | 0 |
| जम्मा | 208 | 236 | 28 |

## मुद्रास्फीति

### उपभोक्ता मुद्रास्फीति

१८. आर्थिक वर्ष २०६४।६५ को पहिलो तीन महिनामा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ६.३ प्रतिशत रहेको छ । अघिल्लो आर्थिक वर्षको यसै अवधिमा वार्षिक उपभोक्ता मुद्रास्फीति ७.५ प्रतिशत रहेको थियो। २०६२ फागुन महिनामा पेट्रोलियम पदार्थमा भएको

मूल्य वृद्धिको आधार प्रभाव र नेपाली रुपैयाको अमेरिकी डलरसंगको अधिमूल्यनका कारण उपभोक्ता मुद्रास्फीतिमा अघिल्लो वर्षको तुलनामा समीक्षा अवधिमा सुधार आएको हो ।

१९. समूहगतरुपमा खाद्य तथा पेय पदार्थ समूहको मूल्य सूचकाङ्कको वृद्धिदर अघिल्लो वर्ष ७.८ प्रतिशत रहेकोमा समीक्षा अवधिमा ९.५ प्रतिशत रहेको छ । तरकारी तथा फलफूलमा १७.७ प्रतिशत, दलहनमा १४.६ प्रतिशत, तेल तथा घ्यूमा १२.८ प्रतिशत, खाद्यान्न तथा खाद्यान्नजन्य पदार्थमा ११.२ प्रतिशत (यसमध्येको चामलमा १२.३ प्रतिशत) को उल्लेख्य मूल्यवृद्धि भएकोले समीक्षा अवधिमा खाद्य तथा पेय पदार्थ समूहको मूल्यमा बढी चाप पर्न गएको हो । तर चिनी तथा चिनीजन्य पदार्थको मूल्य भने समीक्षा अवधिमा १८.४ प्रतिशतको गिरावट आएको छ । गैरखाद्य बस्तु तथा सेवा समूहको सूचकाङ्कको वृद्धि दर भने अघिल्लो वर्ष ७.२ प्रतिशत रहेको तुलनामा समीक्षा अवधिमा उल्लेख्य सुधार आई २.९ प्रतिशत रहेको छ ।

२०. भौगोलिक आधारमा समीक्षा गर्दा २०६४ असोज मा काठमाडौ उपत्यकामा ६.१ प्रतिशत, तराईमा ६.५ प्रतिशत र पहाडमा ६.१ प्रतिशतले मूल्य सूचकाङ्कमा वृद्धि भएको छ । २०६३ असोजमा यस्तो वृद्धिदर क्रमशः ६.७ प्रतिशत, ७.८ प्रतिशत र ७.८ प्रतिशत रहेको थियो । तराई क्षेत्रमा भइरहेका वारम्वारका बन्द, हडताल जस्ता कारणहरुले गर्दा अन्य भौगोलिक क्षेत्रको तुलनामा तराई क्षेत्रको मूल्य वृद्धि केही उच्च रहेको हो ।

२१. २०६३ असोजमा वार्षिक विन्दुगत अन्तर्निहित मुद्रास्फीति (Core Inflation) को वृद्धिदर ६.२ प्रतिशत रहेकोमा २०६४ असोजमा ४.७ प्रतिशत रहेको छ ।

**थोक मुद्रास्फीति**

२२. वार्षिक विन्दुगत राष्ट्रिय थोक मूल्य सूचकाङ्कको वृद्धिदर २०६३ असोजमा १०.४ प्रतिशत रहेकोमा २०६४ असोजमा १०.३ प्रतिशत रहेको छ । समूहगतरुपमा कृषिजन्य उत्पादनको मूल्य वृद्धिदर अघिल्लो वर्ष १४.६ प्रतिशत रहेकोमा समीक्षा अवधिमा १४.१ प्रतिशत रहेको छ । कृषिजन्य बस्तुहरुमध्ये तरकारी तथा फलफूलमा ४१.७ प्रतिशत, दलहनमा १३.० प्रतिशत, नगदेबालीमा ८.३ प्रतिशत तथा खाद्यान्नमा ७.४ प्रतिशतको मूल्य वृद्धि भएको छ । यसैगरी, २०६४ असोजमा स्वदेशमा उत्पादित बस्तुको थोक मूल्य ८.० प्रतिशतले वृद्धि भएको छ । २०६३ असोजमा यस्तो वृद्धिदर ६.७ प्रतिशत रहेको थियो । यस उप-समूह अन्तरगतका बस्तुहरुमध्ये समीक्षा अवधिमा निर्माण सामाग्रीमा १५.५ प्रतिशत, खाद्यजन्य पदार्थमा ५.९ प्रतिशत तथा पेयपदार्थ तथा सुर्तिजन्य बस्तुमा ५.४ प्रतिशतको मूल्य वृद्धि भएको छ । सरकारले आर्थिक वर्ष २०६४।६५ को बजेटमा चुरोट, मदिरा, सिमेन्ट, रंगरोगन

जस्ता बस्तुमा लाग्ने अन्तःशुल्कमा गरेको वृद्धि तथा सिमेन्ट, वाइन, वियर, चुरोट जस्ता बस्तुको आयातमा लाग्ने भन्सार दरमा गरेको उल्लेख्य वृद्धिका कारण निर्माण सामाग्री र पेयपदार्थ तथा सुर्तिजन्य पदार्थ उपसमूहको मूल्यमा चाप परेको हो । अर्कोतर्फ आयातित बस्तुको थोक मूल्य २०६३ असोजमा ६.१ प्रतिशतले वृद्धि भएकोमा २०६४ असोजमा ५.१ प्रतिशतले वृद्धि भएको छ । नेपाली रुपैयाँको अमेरिकी डलरसंग अधिमूल्यनका कारण आयातीत बस्तुको मूल्य सूचकाङ्कमा कम चाप परेको हो ।

**राष्ट्रिय तलव तथा ज्यालादर सूचकाङ्क**

२३. २०६४ असोज महिनामा वार्षिक बिन्दुगत राष्ट्रिय तलव तथा ज्यालादर सूचकाङ्क ११.९ प्रतिशतले बढेको छ । २०६३ असोजमा उक्त सूचकाङ्क ८.० प्रतिशतले बढेको थियो । २०६४ साउनदेखि सरकारी कर्मचारीलगायत सुरक्षाकर्मी, संस्थानका कर्मचारी, शिक्षक आदिको तलबमा भएको सरदर १७ प्रतिशतको खुद वृद्धि तथा केही समययता मजदूर हरुको ज्यालादरमा भइरहेको वृद्धि समेतका कारणले गर्दा अघिल्लो वर्षको तुलनामा समग्र राष्ट्रिय तलव तथा ज्यालादर सूचकाङ्क उच्च दरले बढेको हो । यस अवधिमा तलव सूचकाङ्कमा १०.९ प्रतिशतको वृद्धि देखिएको छ । गत वर्ष यस्तो वृद्धिदर ६.६ प्रतिशत रहेको थियो । यसैगरी, अघिल्लो वर्ष ८.४ प्रतिशतले बढेको ज्यालादर सूचकाङ्क समीक्षा अवधिमा १२.४ प्रतिशतले बढेको छ । औद्योगिक मजदूरको ज्यालादरमा १९.५ प्रतिशत, निर्माण मजदूरको १०.३ प्रतिशत र कृषि मजदूरको ८.३ प्रतिशतको उच्च वृद्धि हुनु नै समीक्षा अवधिमा समग्र ज्यालादर सूचकाङ्कमा चाप पार्ने प्रमुख कारक हुन् ।

## सरकारी वित्त स्थिति

### सरकारी बजेट घाटा/ बचत स्थिति

२४. समीक्षा अवधिमा सरकारी बजेट रु ९ अर्व ४० करोडले घाटामा रहेको छ । अघिल्लो वर्ष सरकारी बजेट रु ३५ करोडले बचतमा थियो । गैर ऋण साधन परिचालनको तुलनामा सरकारी खर्चको वृद्धि उच्च रहेकोले सरकारी बजेट समीक्षा अवधिमा घाटामा रहेको हो । कुल बजेटघाटा पूर्ति गर्ने कममा, समीक्षा अवधिमा रु ८ अर्व ५६ करोड कुल आन्तरिक ऋण परिचालन गरिएको छ, जवकि गत वर्षको यसै अवधिमा बजेट रु ९ करोड ७० लाख बचतमा थियो । कुल आन्तरिक ऋणमध्ये समीक्षा अवधिमा रु १ अर्व ८८ करोडको नयाँ ट्रेजरी विल्स निष्काशन गरिएको छ । गत वर्ष यो अवधिमा नयाँ ट्रेजरी विल्स निष्काशन

गरिएको थिएन । साथै, अघिल्लो वर्षको यसै अवधिमा नेपाल सरकारको नेपाल राष्ट्र बैङ्कसँग रु ९९ करोड नगद बचत रहेकोमा समीक्षा अवधिमा नेपाल सरकारले नेपाल राष्ट्र बैङ्कबाट रु ६ अर्ब ७३ करोड बराबरको अधिविकर्ष उपयोग गरेको छ । अघिल्लो आर्थिक वर्षको अन्त्यमा नेपाल सरकारको नेपाल राष्ट्र बैङ्कसँग रु ३ अर्ब १६ करोडको नगद बचत रहेकाले २०६४ असोज मसान्तसम्ममा खुद अधिविकर्ष रु ३ अर्ब ५६ करोड रहेको छ । कुल बजेटघाटामध्ये रु ८५ करोड वैदेशिक ऋणबाट पूर्ति गरिएको छ । अघिल्लो वर्ष रु ६२ करोड वैदेशिक ऋण प्राप्त भएको थियो ।

**सरकारी खर्च**

२५. आर्थिक वर्ष २०६४/६५ को पहिलो तीन महिनासम्ममा नगद प्रवाहमा आधारित कुल सरकारी खर्च ५३.७ प्रतिशतले वृद्धि भई रु ३० अर्ब ३ करोड पुगेको छ । अघिल्लो वर्ष सरकारी खर्च १७.७ प्रतिशतले बढेको थियो । सबै प्रकारका सरकारी खर्चको वृद्धिदरमा उल्लेखनीय वृद्धि भएकोले अघिल्लो वर्षको तुलनामा कुल सरकारी खर्चको वृद्धिदरमा विस्तार आएको हो ।

२६. समीक्षा अवधिमा नेपाल सरकारको चालू खर्च ३५.६ प्रतिशतले वृद्धि भई रु २१ अर्ब ३२ करोड पुगेको छ । अघिल्लो वर्ष चालू खर्च २८.५ प्रतिशतले वृद्धि भएको थियो । राहत भुक्तानी, सरकारी कर्मचारीको तलब वृद्धि, शान्ति व्यवस्थापनसम्बन्धी खर्च वृद्धि र संविधान सभाको निर्वाचन तयारीमा खर्चका कारण समीक्षा अवधिमा चालू खर्चको वृद्धिदरमा विस्तार आएको हो ।

२७. आर्थिक वर्ष २०६४/६५ को पहिलो तीन महिनासम्ममा पूँजीगत खर्च अघिल्लो वर्षको रु १ अर्ब २९ करोडको तुलनामा वृद्धि भई रु २ अर्ब ८४ करोड पुगेको छ । नेपाल आयल निगमलाई रु ५० करोड भुक्तानी, गरीबी निवारण कोषलाई भुक्तानी र स्थानीय निकायलाई अनुदान रकम निकासा भएको कारण समीक्षा अवधिमा पूँजीगत खर्च बढेको हो ।

२८. समीक्षा अवधिमा साँवा भुक्तानीबापत्को सरकारी खर्च उल्लेखनीय रुपमा बढी रु ३ अर्ब ४९ करोड पुगेको छ । अघिल्लो वर्ष रु ४२ करोड मात्र साँवा भुक्तानी भएको थियो । यसमध्ये आन्तरिक ऋण (विकास ऋणपत्र) रु २ अर्ब र वैदेशिक ऋण रु १ अर्ब ४९ करोड

भुक्तानी भएकोले सरकारी खर्च वृद्धिमा साँवा भुक्तानीको पनि ठूलो हात रहेको छ ।

### सरकारी राजस्व र वैदेशिक नगद अनुदान

२९. आर्थिक वर्ष २०६४/६५ को पहिलो तीन महिनासम्ममा नेपाल सरकारको राजस्व परिचालन १८.८ प्रतिशतले वृद्धि भई रु १९ अर्ब २६ करोड पुगेको छ । अघिल्लो वर्ष राजस्व २६.७ प्रतिशतले बढेको थियो । तराई क्षेत्रमा वारम्बार तनावको स्थिति सिर्जना भएको, सीमावर्ती भन्सार नाकाहरुमा राजस्व असूलीमा समस्या देखिएको, भन्सार कार्यालयहरुमा कर्मचारीहरु जान नसकेकाले भन्सार कार्यालय केही समय बन्द समेत हुन पुगेको जस्ता कारणहरुले गर्दा राजस्वको असूलीमा कमी आएको हो । साथै मूल्य अभिवृद्धि कर र आयकरवापत्को राजस्वको वृद्धिदरमा पनि अघिल्लो वर्षको तुलनामा कमी आएकोले समीक्षा अवधिमा राजस्व परिचालनको वृद्धिदरमा कमी आएको हो ।

३०. आर्थिक वर्ष २०६४/६५ को पहिलो तीन महिनासम्ममा नेपाल सरकारलाई वैदेशिक नगद अनुदानवापत् रु १ अर्ब १७ करोड प्राप्त भएको छ । अघिल्लो वर्ष सो शीर्षकमा रु २ अर्ब ३१ करोड प्राप्त भएको थियो ।

## वाह्य क्षेत्र स्थिति

### वैदेशिक व्यापार

३१. आर्थिक वर्ष २०६४/६५ को पहिलो तीन महिनासम्ममा कुल निर्यात ०.६ प्रतिशतले घटेको छ। अघिल्लो वर्षको सोही अवधिमा कुल निर्यात ०.३ प्रतिशतले घटेको थियो। कुल निर्यातमध्ये भारततर्फको निर्यात ०.२ प्रतिशतले घटेको छ भने अन्य मुलुकतर्फको निर्यात १.२ प्रतिशतले घटेको छ। अघिल्लो वर्ष भारततर्फको निर्यात ३.८ प्रतिशतले घटेको थियो भने अन्य मुलुकतर्फको निर्यात ७.१ प्रतिशतले बढेको थियो ।

३२. अघिल्लो वर्षको पहिलो तीन महिनासम्ममा ९.९ प्रतिशतले बढेको कुल आयात आर्थिक वर्ष २०६४/६५ को सोही अवधिमा ८.१ प्रतिशतले बढेको छ। कुल आयातमध्ये भारतबाट भएको आयात अघिल्लो वर्ष १३.१ प्रतिशतले बढेकोमा यस वर्ष ७.२ प्रतिशतले वृद्धि भएको

छ। त्यसैगरी अन्य मुलुकबाट भएको आयात अघिल्लो वर्ष ४.९ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा ९.५ प्रतिशतले वृद्धि भएको छ।

**शोधनान्तर**

३३. आर्थिक वर्ष २०६४/६५ को पहिलो तीन महिनासमम्मा समग्र शोधनान्तर स्थिति रू ५ अर्ब ८८ करोडले घाटामा रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा समग्र शोधनान्तर स्थिति रू १ अर्ब १३ करोडले बचतमा रहेको थियो।

**विदेशी विनिमय सञ्चिति**

३४. २०६४ असोज मसान्तमा कुल विदेशी विनिमय सञ्चिति २०६४ असार मसान्तको तुलनामा ४.३ प्रतिशतले घटी रू. १५८ अर्ब ८ करोडमा झरेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो सञ्चिति ०.२ प्रतिशतले घटेको थियो। अमेरिकी डलरमा भने २०६४ असारदेखि असोज मसान्तसम्ममा कुल सञ्चिति १.८ प्रतिशतले घटी अमेरिकी डलर २ अर्ब ५० करोडमा सीमित हुन पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा कुल सञ्चिति अमेरिकी डलरमा गणना गर्दा १.९ प्रतिशतले वढेको थियो। आर्थिक वर्ष २०६४/६५ को पहिलो तीन महिनाको आयातलाई आधार मान्दा विदेशी विनिमय सञ्चितिको विद्यमान स्तरले ९.६ महिनाको वस्तु आयात र ७.५ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहेको छ।

**अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम पदार्थ तथा सुनको मूल्य स्थिति**

३५. अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम (Crude Oil Brent) को मूल्य २०६३ असोज मसान्तमा प्रतिव्यारल अमेरिकी डलर ५८.५० रहेकोमा २०६४ असोज मसान्तमा ४३.८ प्रतिशतले बढी प्रतिव्यारल अमेरिकी डलर ८४.१४ पुगेको छ। त्यसैगरी सुनको मूल्य २०६३ असोज मसान्तको तुलनामा २०६४ असोज मसान्तमा २८.१ प्रतिशतले वृद्धि भई प्रतिआउन्स अमेरिकी डलर ५९५.१० बाट अमेरिकी डलर ७६२.५० पुगेको छ।

३६. २०६४ असार मसान्तको तुलनामा २०६४ असोज मसान्तमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग २.६१ प्रतिशतले अधिमूल्यन भएको छ। अघिल्लो वर्षको सोही अवधिमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग २.०८ प्रतिशतले अधिमूल्यन भएको थियो। २०६३ असोज मसान्तमा अमेरिकी डलर एकको विनिमय दर रु ७२.५९ रहेको थियो भने २०६४ असोज मसान्तमा उक्त विनिमय दर रु ६३.२० मा झरेको छ।